अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः ६, गोरखा, असार १२ गते २०८२ साल

## भाग- १

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिका स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

## स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०८२

**प्रस्तावनाः** स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसुची ८ को सुचि नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम अजिरकोट गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई “अजिरकोट गाउँपालिका स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०८२” भनिने छ ।

(ख) गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले अजिरकोट गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन २०८२ लाई सम्झनु पर्दछ ।

(ख) “संघीय ऐन” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले अजिरकोट गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) “निजी” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उदेश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(च) “ट्रष्ट वा लोक कल्याणकारी ” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा र सरसफाई अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) “स्वास्थ्य संस्था” भन्नाले सरकारी स्तरबाट सञ्चालीत अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुवेद औषधालय, आयुवेद केन्द्र तथा सहरी स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ ।

(ञ) “प्रचलित कानुन” भन्नाले नेपाल सरकारको राजपत्रमा प्रकाशित भई हाल कार्यान्वयनमा रहेका काननहरु साथै संघिय सरकार तथा प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेका कानुनहरु लाई सम्झनु पर्दछ ।

(ट) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम संम्झनु पर्दछ ।

## परिच्छेद - २

## आधारभूत स्वास्थ्यसेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीयस्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ (तिन) प्रकारका हुने छन् ।

(क) सरकारी वा सामुदायिक : सरकारी वा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आयुर्वेद केन्द्र, सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य प्रबर्द्धन केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र, प्राकृतिक चिकित्सा केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

(ख) निजी क्षेत्र द्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायकहरु हुने छन ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्था : ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ति स्वास्थ्य क्लिनिक यस अन्तर्गत पर्दछन ।

**४.स्वास्थ्य संस्थाहरुको परिभाषा र स्वास्थ्य सेवा प्रदायक आधारभूत मापदण्ड** : स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुने छ ।

**५.स्वास्थ्य सेवा ब्यवस्थापन तथा अनुगमन समिति गठन,काम,कर्तव्य र अधिकार**

(१) गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन गरीने छ। यस समितिको गठन यस प्रकार हुनेछ :

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) स्वास्थ्य शाखा हेर्ने कार्यपालिका सदस्य - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ङ) गाउँपालिकाको जनस्वास्थ्य फोकल पर्सन र अस्पतालको मेडिकल अफिसर २ जना-सदस्य

(च) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार अध्यक्षद्वारा विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफनो कार्यक्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार पार्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनको लागि अनुमति, स्वीकृति, सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, सजक र जागरुक बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक श्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञ र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँचभन्दा टाढा रहेका समुदायको पहिचान गरी सबैंका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाउँपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिम अन्य कार्यहरु गर्ने ।

**६. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार**

(१) सरकारी तथा सामुदायिक अस्पताल,स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य प्रर्वधन केन्द्र संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । गाउँपालिका भित्रका सम्पर्ण स्वास्थ्य संस्थाहरुको संरक्षक गाउँपालिका अध्यक्ष रहने छ ।

(क) सरकारी तथा सामुदायिक अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन :

(१) गाउँ पालिकाले तोकेको गाउँ कार्यपालिका सदस्य - अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा अनुभव प्राप्त गरेका स्थानीय समाजसेवि बुद्धिजीवीहरुमध्ये संरक्षकबाट मनोनित महिला १ जना - उपाध्यक्ष

(३) अस्पताल रहेको वडाको वडा अध्यक्ष - सदस्य

(४) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा काम गरीरहेका विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको एक जना - सदस्य

(५) स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख - सदस्य

(६) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये सम्वन्धित वडा समितिले मनोनित महिला एक जना -सदस्य

(७) स्वास्थ्य संस्था रहेको वडाको माध्यमिक विद्यालयको प्रधानाध्यापकहरु मध्ये वडा समितिवाट मनोनित १ जना -सदस्य

(८) महिला स्वास्थ्य स्वयम-सेविकाहरु मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य

(९) अस्पताल प्रमुख/मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

(ख) स्वास्थ्य चौकी, आयुर्वेद औषधालय संचालन तथा व्यवस्थपन समितिको गठनः

(१) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाका समाजसेवि बद्धिजीवीहरु मध्ये गाउँपालिका अध्यक्ष बाट मनोनित १ जना - उपाध्यक्ष

(३) सम्वन्धित वडामा रहेका माध्यमिक विद्यालयका प्र.अ.हरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको १ जना - सदस्य

(४) स्थानीय व्यापार संघको प्रतिनिधि १ जना - सदस्य

(५) स्थानीय उपलब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार महिलाहरु मध्येवाट संरक्षकवाट मनोनित १ जना - सदस्य

(६) सम्वन्धित वडाको वडा सचिव- सदस्य

(७) स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

(गं) सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य प्रबर्द्धन केन्द्र तथा अन्य स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठनः

(१) सम्वन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(२). स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाका समाजसेवी बुद्धिजीवीहरु मध्ये संरक्षकबाट मनोनित १ जना - उपाध्यक्ष

(३) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(४) सम्बन्धित वडा भित्र वसोवास गर्ने समाजसेवि, व्यवसायी, उद्योगपति, उपलब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार व्यक्तिहरु मध्येबाट स्वास्थ्य संस्था व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना- सदस्य

(५) स्वास्थ्य संस्था प्रमुख- सदस्य सचिव

(घ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुने छन् :

(क) आफनो स्वास्थ्य सस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानको लागि आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु लाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(ज) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

**७. बैक खाता संचालन :**

हरेक स्वास्थ्य संस्थाले बैक खाता खोल्न सक्नेछ ।

(१) स्वास्थ्य संस्थाको बैँक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

(१) अस्पताल : गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न गाउँपलिकाले अस्पताल सञ्चालन नियमावली तयार गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी/सहरी स्वास्थ्य केन्द्र : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) जनशक्तिः स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण,

(३) गाउँपालिका क्षेत्र भित्र जडीबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्धारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल

सचालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले तोकिएको समय भित्र मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृत प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान  गर्नेछ ।

(५) तोकिएको समय सीमाभित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमती प्रदान गर्न सक्नेछ ।

**१०. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड**ः गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ ।

(१)  जनशक्तिः कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, .....

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(५) अस्पताल सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**११. पोलिक्लिनिक सञ्चालनको अनुमतीः**

(१) गाउँपालिकाले आफनो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको  मापदण्ड पूरा गरी स्वीकृत लिनुपर्नेछ ।

(२) पोलिक्लिनिकमा बिरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ

**१२. प्रयोगशाला वा ल्याबोरेटारी सञ्चालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृत लिनुपर्ने छ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र।

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालान गर्ने स्थान प्रमाणित भएको कागजात।

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्युनतम ३ बर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्ने इच्छुक भएको पत्र।

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार।

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण।

(६) प्रयोगशाला सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

**१३. फार्मेसी सञ्चालनको अनुमती :**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनुपर्नेछ।

(२) आधारभत फार्मेसी शिक्षा विषयमा न्यनतम ३ बर्ष अध्ययन गरेको व्यक्ति, सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधिका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु  शैक्षिक प्रमाणपत्र नागरीकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र  वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नु  पर्नेछ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फर्मेसी सञ्चालनको अनुमती दिन सक्ने छ।

(५) फार्मेसी सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

**१४. मापदण्ड पूरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१५. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने :** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनुपर्नेछ ।

**१६.सेवाको अधिकतम शुल्क तोक्न सक्नेः** गाउँपालिका क्षेत्र भित्र संञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले दिइने सेवाहरुको अधिकतम शुल्क गाउँपालिकाले निर्धारण गर्न सक्ने छ ।

**१७. स्वास्थ्य संस्था नविकरणः**

(१) यो ऐन प्रारम्भ हुनु अघि नेपाल सरकारका विभिन्न निकाय/कार्यलयबाट स्वीकृति लिई यस गाउँपालिकामा निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले तोकिएको मापदण्ड पूरा गरेमा तोकिएको दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

(२) स्वास्थ्य संस्था नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१८.स्वास्थ्यकर्मीको व्यवस्थापन :** गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन ।

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरीएका स्वास्थ्यकर्मीहरु ।

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवम गाउँपालिकाको आंशिक वा पुर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयम-सेविका ।

**१९. अभियानकर्ता/स्वास्थ्य स्वयम-सेविकाको ब्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयम-सेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वयम-सेविका र पुरुष अभियानकर्ताहरु नियक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको शैक्षिक योग्यता न्यूनतम एस.ई.ई. अध्ययन पूरा गरेको सम्बन्धित वडाको विवाहित नागरीक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम सख्या १० हुने गरी औशत प्रति ३०० जनसङख्याको लागि १ जना महिला स्वास्थ्य स्वयम-सेविका र वडामा अधिकतम २ जना हुनेगरी औषत ५०० जनसङख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

(३) महिला स्वास्थ्य स्वयम-सेविका र अभियानकर्ताहरुले आधारभत स्वास्थ्य सम्वन्धी ३० दिनको तालिम प्राप्त गरेको हुनु पर्नेछ । तालिम निर्देशिका स्वास्थ्य

मन्त्रालय, स्वास्थ्य  सेवा विभाग र नगर स्वास्थ्य शाखाले तयार पारी लागू गर्न सकिनेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयम-सेविकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाई गरीने छ । र नयाँ नियुक्ती गर्दा कम्तिमा एस.ई.ई. वा सो सरह उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

**२०. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव, भत्ता र सुविधा स्थानीय गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा

(२) करार स्वास्थ्यकर्मी :प्रचलित तलब स्केल वा दुई पक्षबिचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको नीति बनाई लागू गराईनेछ ।

(४) अभियानकर्ता/स्वयम-सेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई  आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वयम-सेविका तथा स्वास्थ्यकर्मीलाई थप प्रोत्साहन भत्ता गाउँपालिकाले व्यवस्था गर्ने छ । स्वास्थ्य प्राविधिक कर्मचारीहरुलाई जोखिम भत्ता, लगायत जोखिम युक्त कार्यका लागि तोकिए बमोजिम भत्ताको व्यवस्था गरीनेछ ।

**२१. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति** : सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन । समायोजन भई नआएका वा समायोजन भई नआउने दरबन्दीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा  करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण १ जना विज्ञ - सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमख  - सदस्य

(३) छनौट समितिले कार्यविधि वनाई कार्यविधि बमोजिम नियक्तिका लागि कर्मचारी छनौट गर्नेछ ।

**२२ . कर्मचारी सरुवा, काज र विदा**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा समायोजन पश्चात तोकिएको समयमा अवधी पूरा  भएपछि र अन्य स्वास्थ्यकर्मीको हकमा विशेष परिस्थिति बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा गरीनेछ ।

(२) विशेष अबस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा  कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य शाखाको सिफारिसमा गाउँपालिकाले आफनो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा  सरुवा गर्नसक्नेछ ।

(३) विशेष अवस्थामा भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक  नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

(४) उपदफा १ र २ मा जुन सुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले स्वास्थ्य शाखाको सिफारिसमा स्वास्थ्यकर्मीहरु (स्थायी, करार, ज्यालादारी आदि) लाई आवश्यकता अनुसार नगर क्षेत्र भित्रका दफा ३ (क) बमोजिमका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(५) कर्मचारीहरुले विदा लिई वस्नु परेमा स्वीकृत गराएर मात्र विदा बस्नु पर्ने छ । कर्मचारीहरुको विदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. कार्यसम्पादन करार गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय बमोजिम कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा प्रमुखसँग, स्वास्थ्य शाखा प्रमुखले स्वास्थ्य शाखाका अरु कर्मचारी र स्वास्थ्य संस्थाका प्रमुखहरुसँग तथा स्वास्थ्य संस्थाका प्रमुखहरुले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गनुपर्नेछ ।

**२४. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने  र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गनुपर्दछ ।

(२) कार्य सम्पादन सम्झौता मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद ५

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

(१) आफनो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने  औषधि तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाइ शाखाको सहयोग खरिद इकाइले तयार गर्नेछ ।

## २६. औषधि तथा स्वास्थ्य उपकरण खरिद :

(१) औषधि तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाइ  शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधि तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

## २७. औषधि तथा स्वास्थ्य उपकरणको भण्डारण :

(१)  खरिद गरीएको औषधि तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधिको कल परिमाण र मूल्य खरिद मितिले १५ दिनभित्र सार्वजनिक गर्नुपर्नेछ ।

(४) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधि तथा औषधि वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा वुझाउनु पर्नेछ ।

# परिच्छेद ६

# स्वास्थ्य सेवाको न्यूनतम  मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

## २८. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

## २९. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकताअनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

(३) अति विपन्न नागरिक, एकल महिला , जेष्ठ नागरीक, शारीरिक अशक्तता भएका व्यक्तिहरुका लागि उपचार कोष व्यवस्था गरी नीति बनाई लागू गरिनेछ ।

(४) नेपाल सरकारले तय गरेको निशुल्क स्वास्थ्य सवा कार्यक्रमलाई प्रभावकारी बनाइने छ । आवश्यक श्रोत साधनको आधारमा निशुल्क वितरण गर्ने औषधि थप गरिने छ ।

(५) मानसिक रोग लगायत नसर्ने रोगहरुबाट हुने मृत्यु दरलाई कम गर्नको लागि नीति बनाई लागू गरिनेछ ।

**३०. सरसफाइ र स्वच्छताको लागि अनुगमन तथा नियमन :**

(१) स्वास्थ खानेपानी र खाद्यपदाथको गुणस्तर एवम वायु तथा ध्वनी प्रदषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाइ अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदषण बढाउने उद्योग संस्थान वा व्यक्तिलाई सोसम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(४) सबै नागरीकलाई सर्वसुलभ रुपमा स्वास्थ खानेपानीको पहुँच पुऱ्याउनका लागि नीति बनाइ लागू गरिनेछ ।

## परिच्छेद ७

## महामारी रोगथाम फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३१. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक, सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम-सेविकालाई टिपोट गराउनुपर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक, सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम-सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराईएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

## ३२. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

## ३३. सुर्ती, मदिरा तथा सर्तीजन्य पदार्थको नियमनः

(१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु गाउँपालिकाले तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ ।

(४) खाद्य पदार्थसँगै सर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्नसक्नेछ ।

## ३४. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापनः

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयम-सेविकाहरु परिचालन गरी सबै घर परिवारसम्म वितरण गर्ने छन ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पर्‍याउने परिवारले तिर्नु पर्नेछ ।

(५) सहरी तथा अर्ध सहरी क्षेत्रमा निष्कासित फोहोरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तथा नीति तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८
## विविध

### ३५. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल सञ्चालनका लागि सिफारिस

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरीएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३६. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने** : स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले समन्वय गर्नेछ ।

**३७.** आमा समह, धामी, झाक्री र प्राकृतिक तथा परम्परागत सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाइ शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३८.** गाउँपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाइ सम्बन्धी संस्थाहरुले आफनो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिको स्वास्थ्य तथा सरसफाइ शाखा समक्ष बुझाउनु पर्नेछ ।

**३९.** गाउँपालिकाले आधारभत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**४०. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४१. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४२. संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४३. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**४४. बचाउ र लागू नहुने** : (१) यो ऐन वा यस ऐन अन्तगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**प्रमाणीकरण मितिः २०८२।०३।१०**

**आज्ञाले**

**रचना बुढाथोकी**

**प्रमुख प्रशासकीय अधिकृत**